# नेपाल कम्युनिष्ट पार्टी (मसाल)


## केन्द्रीयकार्यालय

Website: cpnmashal.org, Email : ncpmashal@gmail.com


## वक्तव्य

विमिस्टेक सम्मेलन सम्पन्न भएको छ र त्यसको १८ बुँदे घोषणा पत्र पनि जारी भइसकेको छ । त्यो सम्मेलन वा त्यसको घोषणा पत्र बारे ने.क.पा. (मसाल)को दृष्टिकोण स्पष्ट गर्न नै यो वक्तव्य जारी गरिएको छ ।

उक्त सम्मेलनको सन्दर्भमा सबैभन्दा महत्वपूर्ण र विचारणीय प्रश्न यो हो कि भारतले सार्कलाई निस्कृय बनाउनका लागि प्रयत्न गरिरहेको छ र त्यसको विकल्पका रुपमा विमिस्टेकलाई अगाडि ल्याउने प्रयत्न गरिरहेको छ । सार्कको स्थापनाको बेलामा पनि हामीले यो विचार प्रकट गरेका थियौं कि भारतीय विस्तारवादले सार्कलाई आफ्नो विस्तारवादी उद्देश्य पुर्तिका लागि उपयोग गर्ने प्रयत्न गर्ने छ । तर एकातिर, पाकिस्तान, अर्कातिर, चीनका कारणले सार्कमाथि आफ्नो प्रभूत्व कायम गर्नु वा त्यसद्वारा आफ्ना विस्तारवादी उद्देश्य पूरा गर्नु भारतलाई सम्भव भएन । त्यसैले त्यसले तत्काल हुने भनिएको सार्कको सम्मेलनलाई हुन दिएन र त्यसको ठाउँमा विमिस्टेकलाई अगाडि बढाउने प्रयत्न गरिरहेको छ । त्यसमा भारतसित प्रतिस्पर्धा गर्न सक्ने पाकिस्तान वा चीन जस्ता कुनै देश छैनन् । त्यसैले त्यसले विमिस्टेकसित सम्बन्धित देशहरुमा आफ्नो प्रभाव बनाउन सक्ने छ भन्ने आशा गरेको देखिन्छ ।

काठमाडौंमा सम्पन्न विमिस्टेकको सम्मेलनमा नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीले विमिस्टेक सार्कको विकल्पन भएको, तर दुवै एक अर्काको पुरक भएको बताएका छन् । बताइ रहनु पर्ने आवश्यकता छैन कि उनको त्यस प्रकारको अभिव्यक्तिले भारतीय विस्तारवादी दृष्टिकोण सित मेल खान्न तै पनि ओलीले त्यस प्रकारको विचार प्रकट गरेर एउटा प्रशंसनीय कार्य गरेका छन् । त्यस सन्दर्भमा यो पनि उल्लेखनीय छ कि अहिले नेपाल नै सार्कको अध्यक्ष छ । त्यो अवस्थामा ओली पाकिस्तानमा हुने भनिएको सार्कको सम्मेलन बनाउन असमर्थ हुन्छन् र उनको नेतृत्वको कालमा नै त्यसको (सार्कको) विघटन हुन्छ भने त्यो नेपालको कुटनीतिको असफलता नै हुनेछ । तर त्यसका लागि मुख्य दोष नेपालको नभएर भारतको नै हुनेछ । किनभने भारतले सार्कको सम्मेलन बारे अपनाएको गलत दृष्टिकोणका कारणले नै त्यसको सम्मेलन हुन सकेको छैन र त्यसको भविष्य पनि अनिश्चित भएको छ ।

विमिस्टेकको घोषणा पत्रको एक नम्बर बुँदामा नै त्यसका सबै सदस्य देशहरुले एक अर्का प्रति अहस्तक्षेपको नीति अपनाउने भनिएको छ । तर स्वयं भारत नै त्यस प्रकारको नीतिका विरुद्ध भएको कुरा इतिहासले बताउँदै आएको छ । सबभन्दा पहिले त त्यसले नेपाल माथि नाकाबन्दी सहित नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा लगातार हस्तक्षेप गर्दै आएको छ । नेपालको संविधानबारे त्यसले अपनाएको नीति, नेपालको संविधानका विरुद्ध त्यसले चलाएको अन्तर्राष्ट्रिय अभियान, नेपालको तराईलाई विखण्डन गर्नका लागि त्यसले गरिरहेको प्रयत्न सहित दर्जनौं कुराहरुले विमिस्टेकको सम्मेलनको घोषणा पत्रमा उल्लेख गरिएको अहस्तक्षेपको नीतिले त्यसका लागि कुनै अर्थ राख्दैन भन्ने प्रष्ट छ । नेपाल बाहेक भारतको भूटान, सिक्किमको नीतिबाट पनि त्यो कुरामा कुनै शंका रहन्न । श्रीलंकामा तामिलबहुल क्षेत्रलाई श्रीलंकाबाट स्वतन्त्रब नाउन गरेको प्रयत्न, कश्मिरमा स्वयं आफू सामेल भएको त्रिपक्षीय सम्झौता अनुसार जनमत संग्रह गराउन त्यसको अस्वीकृति आदिले पनि भारतका लागि अहस्तक्षेपको नीतिले कुनै अर्थ नराख्ने कुरा प्रष्ट छ ।

उक्त घोषणा पत्रमा विभिन्न रचनात्मक र विकास कार्यहरुको पनि उल्लेख गरिएको छ । तर त्यसको स्थापना भएको दुई दशक भन्दा बढीको अवधिमा पनि त्यसले त्यस प्रकारका कुनै कार्यहरु गर्न सकेको छैन । त्यस प्रकारको पृष्ठभूमिमा अहिले त्यो घोषणा पत्रमा विभिन्न रचनात्मक र विकास कार्यहरु गर्ने जुन प्रतिवद्धता प्रकट गरिएको छ, त्यस प्रकारको प्रतिवद्धता पूरा हुन सक्ने कुरामा शंका गर्ने ठाउँ छ ।

अहिलेको विमिस्टेक सम्मेलनले बौद्ध सर्कटको अवधारणा पनि अगाडि ल्याएको छ । विमिस्टेकका धेरैजसो देशहरु बौद्ध धर्मावलम्बी नै छन् । बौद्ध धर्मको केन्द्र नेपाल नै हो । त्यसकारण त्यस प्रकारको अवधारणाबाट यी देशहरुमा पर्यटनको विकासमा महत्वपूर्ण योगदान पुग्ने आशा गर्न सकिन्छ । त्यसबाट नेपालको विकासमा पनि धेरै नै मद्दत पुग्ने छ । तर त्यो अवधारणाले पनि कहाँसम्म व्यवहारिक रुप लिन सक्ने छ त्यो विचारणीय प्रश्नहो ।

भारतीय विस्तारवादको भूमिकाका कारणले नै सार्क मरणासन्न अवस्थामा पुगेको छ । भारतले यो कोशिस गर्ने छ विमिस्टेकका देशहरुले पनि त्यसको प्रभूत्वलाई स्वीकार गरुन् । उनीहरुको त्यस प्रकारको प्रवृत्तिलाई मान्न अस्वीकार गरेमा त्यसको अवस्था पनि सार्कको जस्तै हुने कुराको अनुमान गर्न सकिन्छ । त्यो कुरा जे भए पनि भारतीय विस्तारवाद नै यो क्षेत्रको मुख्य समस्याहो । त्यसैले यो क्षेत्रका सबै देशहरुले त्यसप्रति स्पष्ट दृष्टिकोण अपनाउन सकेमा नै यो क्षेत्रमा वास्तविक शान्ति र स्थिरता कायम हुन वा विकास हुन सक्नेछ । त्यसको विपरित त्यस प्रति (भारतीय विस्तारवाद प्रति) अपनाइने कुनै पनि प्रकारको ढुलमुल र अवसरवादी नीतिले यो क्षेत्रका देशहरुलाई तात्कालिक रुपले मात्र होइन, दीर्घकालिन रुपले पनि नोक्सान नै पुर्‍याउने छ ।

मिति : २०७५ भाद्र १६गते

मोहनविक्रम सिंह
महामन्त्री